रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पुरानी नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

## आ.व.२०८१/०८२ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित २०८१/०२/११ गते)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा रामग्राम नगरपालिकाको आर्थिक ऐन,२०८० को दफा १० को उपदफा १ को (ग) बमोजिम यस नगरपालिका भित्र सञ्चालनमा रहेका विभिन्न हाट बजारहरुको आ.व. ०८१/०८२ (२०८१ श्रावण देखि २०८२ असाढ मसान्त) सम्मका लागि बैठकी कर असुल गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु परेकोले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही इच्छूक मु.अ.कर दर्ता भएको फर्मबाट गोप्य सिलबन्दी दरभाउ/बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. सिलबन्दी दरभाउपत्र/बोलपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले क्रमशः १५ दिन र ३० दिन सम्म कार्यालय समय भित्र तोकिएको राजश्व तिरी खरिद गर्न सकिनेछ । यसका लागि फर्मको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नं. प्रमाण पत्रको प्रतिलिपि र आ.व ०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनु पर्ने छ ।

२. न्यूनतम ठेक अंक देहाय बमोजिम हुनेछ । कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझीने गरी उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

३. सिलबन्दी दरभाउपत्र/बोलपत्र साथ आफुले कबोल गरेको रकमको भए ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक परासी शाखामा रहेको धरौटी खाता च.हि.नं ३१००१००३०००००२ (ग ३) मा जम्मा गरेको बैक भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नु पर्ने छ ।

४. सुचना प्रकाशन भएको मितिले दरभाउपत्र १६ औं दिन र बोलपत्र ३१ औं दिन, दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ र दर्ता भएको दरभाउपत्र १६ औं दिन र बोलपत्र ३१ औं दिन ५:०० बजे कार्यालय र ठेकेदार प्रतिनिधिहरुको रोहवरमा दरभाउपत्र/बोलपत्र खोलिने छ । तोकिएको समयमा ठेकेदार प्रतिनिधिहरु उपस्थित नभए दरभाउपत्र/बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र/बोलपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ । कागजात प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउ/बोलपत्रलाई मान्यता दिइने छैन् ।

६. आफुले कबोल रकम ठेक्का सम्झौताका वखत एकमुष्ठ रुपमा बुझाएमा १० प्रतिशत छुट दिइनेछ । कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा ५० प्रतिशतले हुन आउने रकम ठेक्का सम्झौताका वखत र बाकी रकम २०८१ पौष मसान्त भित्र बुझाउन पर्ने छ । बाकी रकमका लागि नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकको २०८२ श्रावण मसान्त सम्मको म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

७. ठेक्का लिने पक्षले ठेक्का सम्झौताका वखत कबोल अंकको १.५ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक बजारको किस्ता रकम बुझाउदा १३ प्रतिशतले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ । बैठकी करको दररेट नगरपालिकाको दरभाउ पत्र साथ उपलव्ध हुनेछ । कर संकलन गर्दा उक्त दरमा १३ प्रतिशतले मू.अ.कर थप गरि संकलन गर्नु पर्नेछ ।

८. सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले बिचैमा ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट ठेकेदारले उन्मुक्ति पाइने छैन । बांकी रकमक सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

९. कुनै महामारीको जोखिम बढ्न गएको अवस्थामा सरकारले जोखिम न्यूनिकरणको लागि हाट बजारको सञ्चालन बन्द गर्न गराउन निर्णय वा निर्देशन गरेमा सोको पालन गर्नुपर्ने छ । यसबाट हुन जाने क्षतिपूर्तिको विषयमा

३८५ २०८१।०२।११

रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी,नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर बन्द हडताल जस्ता कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षति पुर्ति दिन बाध्य हुने छैन् ।

१०. रामग्राम नगरपालिका नेपाल सरकारको नीति बमोजिम तोकिएको मापदण्ड अनुसार मात्र पोलिथिनको झोला प्रयोग गर्न व्यवपारीलाई ठेकेदारले स्वयं नियन्त्रण र रेखदेख गर्नु पर्नेछ । हाट बजारका हरेक विक्रेताले आफ्नो फोहर, झोला वा बोरामा संकलन गरि बैठकी स्थल सफा राख्नु पर्नेछ । यसरी संकलन भएको फोहोर मैलाको उचित व्यवस्थापन ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

११. हाटबजारमा रहेको खानेपानी, विजुलीको महसुल ठेकेदारले भुक्तान गर्नु पर्नेछ । बजारमा रहेको शौचालय र बजारको सरसफाई, बजार लागेको १ दिन अगाडी र पछाडी बजारको सरसफाई समेत ठेकेदारले गर्नुपर्नेछ । छुट्टै अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किंग शुल्क उठाउन पाइने छैन । साथै बैठकी करको दररेट सबैले देख्ने गरी ठेकेदारले होडिगं बोर्ड तयार गरी हाट बजार स्थलमा राख्नु पर्नेछ ।

१२. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । यस विषयमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजश्व उपशाखामा सम्पर्क गर्न सकिने छ ।

१३. यस सुचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. बैठकी करको दर रामग्राम न.पा.को वेभसाइड www.ramgrammun.gov.np मा हेर्न सकिने।

**हाटबजारहरुको न्यूनतम ठेक अंक**

| क.स. | ठेक्का नं. | ठेक्का को नाम | ठेक्काको किसिम | फारमको मूल्य (फिर्ता नहुने गरि) | न्यूनतम ठेक अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | २०८१/०८२/००१ | साप्ताहिक बुधवारे हाटबजार, परासी | बोलपत्र | ३०००।०० | २३७०५००।०० |
| २ | २०८१/०८२/००२ | साप्ताहिक शनिवारे हाटबजार, परासी | बोलपत्र | ३०००।०० | २१४१५००।०० |
| ३ | २०८१/०८२/००३ | साप्ताहिक मंगलवारे पशु हाटबजार, उनवच | बोलपत्र | ३०००।०० | ४०५५०००।०० |
| ४ | २०८१/०८२/००४ | साप्ताहिक मंगलवारे र शुक्रवारे हाटबजार, हकुई | दरभाउपत्र | १०००।०० | ६२६१००।०० |
| ५ | २०८१/०८२/००५ | साप्ताहिक सोमवारे र शुक्रवारे हाटबजार, पटखौली | दरभाउपत्र | १०००।०० | ८८५५००।०० |
| ६ | २०८१/०८२/००६ | साप्ताहिक शुक्रवारे हाटबजार, धरमपुर | दरभाउपत्र | १०००।०० | ११४५५६।०० |

प्रमुख प्रशासकिय अधिकृत

२०८१।०८।११

**मोहन अर्याल**

प्रमुख प्रशासकीय अधिकृत